फोन : ०८६-५८०४४४

# नेपाल कम्युनिष्ट पार्टी (एमाले)

## Communist Party of Nepal (UML)

### जिल्ला कमिटी, प्यूठान

### District Committee, Pyuthan

पत्र संख्या : ०७८/८०
चलानी नम्वर :

मिति : २०७८/५/०६

श्री प्रमुख जिल्ला अधिकारी ज्यू
जिल्ला प्रशासन कार्यालय, प्यूठान ।

विषय : प्राप्त सुझाव एवं सल्लाहहरूको कार्यान्वयनका लागि आवश्यक पहल गरिदिनुहुन ।

महोदय,

प्रस्तुत विषयमा नेपाल कम्युनिष्ट पार्टी (एमाले) जिल्ला कमिटी प्यूठानले मिति २०७८ भदौं ३ गते निर्माण व्यवसायी संघ प्यूठानको सभाहल विजुवारमा आयोजना गरेको सार्वजनिक सरोकारका विषयमा सर्वदलीय सर्वपक्षीय अन्तरक्रिया कार्यक्रम जिल्लाका विभिन्न विषयमा उठेका सवालहरू कार्यान्वयनका लागि सम्वन्धित निकायमा आवश्यक पहल गरिदिनु हुन अनुरोध गर्दछौं ।

पृष्ठभूमि :

मुलुकको राजनीतिक परिवर्तनमा प्यूठानको राजनीतिक आन्दोलनको महत्वपूर्ण योगदान रहेको छ । जिल्लाको समग्र विकासका लागि राजनीतिक दलहरूले खेलेको भूमिका समेत उल्लेखनीय छ । पछिल्लो समय सार्वजनिक सरोकारका विषयमा नागरिक तहबाट उठ्ने आवाजहरूलाई सबैको सरोकारको विषय बनाउनु पर्ने आवश्यकतालाई महसुस गरी नेकपा (एमाले) जिल्ला कमिटी प्यूठानको गम्भीर ध्यानाकर्षण भएकोले अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको छ । आम नागरिकका आधारभुत आवश्यकताका विषयमा स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकार गम्भीर नभएको सन्दर्भमा जिल्लाका प्रमुख केही ज्वलन्त सवालहरू अन्तरक्रिया कार्यक्रममा उठेका छन् । सोको कार्यान्वयनका लागि सम्वन्धित निकायहरू जिम्मेवार र जवाफदेही हुनुपर्ने र राजनीतिक दलहरूले त्यसको सहजीकरण गर्नुपर्ने आवश्यकता महसुस गरी देहायका सवालहरूलाई तत्काल समाधानतर्फ अग्रसर हुनुपर्ने देखिएको छ ।

### तत्काल सम्बोधन गर्नुपर्ने विषयहरू :

१) प्यूठान अस्ततालमा स्थापना गरिएको अक्सिजन प्लान्टको प्रभावकारी संचालन गर्नुपर्ने देखिएको छ । अक्सिजन प्लान्ट प्रभावकारी बनाउनका लागि विद्युत ट्रान्फर्मर जडान गर्नुपर्ने आवश्यकता छ । भिडियो एक्स-रे, अल्ट्रासाउण्ड, आईसियु, ल्याव र डायलासिस मेसिन हाल प्रभावकारी रूपमा संचालनमा आउन सकेका छैनन् ।

२) प्यूठान अस्पताललाई हव अस्पतालको रूपमा विकास र सञ्चालन गर्नुपर्ने ।

३) स्वास्थ्य विमा मार्फतको औषधी सर्वसुलभ पाउन मुस्किल छ, विल मात्रै काटिन्छ, औषधी उपलब्ध नहुने समस्या छ ।

४) स्मार्ट कृषि कार्यक्रम मार्फत किसानहरूले पाउनुपर्ने रकमको भुक्तानी नपाएको गुनासो छ ।

५) धानबालीमा देखिएको रोगले किसान मर्कामा परेका छन् । सोको तत्काल उपचारमा ध्यान दिनुपर्ने ।

६) जिल्लामा स्थापना गरिएका चिस्यान केन्द्रको संचालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्ने ।

७) जुम्रीमा बसपार्क प्रयोजनका लागि स्थानीयले निःशुल्क जग्गा उपलब्ध गराए पनि पछिल्लो समय जग्गा कम्पनीको मातहत (त्रिसिद्धेश्वरी प्रा.लि.) नाममा नामसारी गरिएकोले वासपार्कको व्यवस्थापनका लागि सोको नामसारी स्थानीय निकायमा हुनुपर्ने ।

८) प्यूठान नगरपालिका-१ खैरामा बुटवल पावर कम्पनी मार्फत उत्पादन गर्न लागिएको सौर्य ऊर्जालाई प्रभावकारी बनाउँदै रिचार्ज सिस्टम जडान गर्नुपर्ने ।

९) जिल्लाको दम्तीमा विद्युत सव-स्टेशन निर्माण गरिएपनि सञ्चालनमा ल्याउन ढिलाई हुँदा जिल्लामा विद्युत आपुर्तिमा समस्या देखिएको छ । अस्तव्यस्त विद्युत प्रशारणले भोल्टेजमा आउने अप-डाउनले बर्षेनी ठूलो क्षति व्यहोर्नु परेको जनगुनासो छ । क्षतिपुर्ति सहितको सेवालाई प्रभावकारी ढंगले अवलम्बन गर्दै विद्युत प्रशारणमा सुधार ल्याउनुपर्ने ।

१०) राष्ट्रिय परिचय पत्रका लागि नाम दर्ता गर्न नागरिकले हाल सास्ती व्यहोर्नु परेकोले जनशक्ति थप गरी तत्काल समस्या समाधान गर्नुपर्ने ।

११) जिल्लको ट्राफिक व्यवस्थापन प्रभावकारी बनाउनुपर्ने । सडक छेऊमा राखिने विभिन्न सामाग्रीलाई अनिवार्य हटाउने र पार्किङको अव्यवस्था कार्य रोक्नुपर्ने ।

१२) लघु वित्तको ऋण प्रवाह र असुलीमा देखापरेका समस्या एवं यसले पारेको नकारात्मक प्रभाव हटाउनुपर्ने ।

१३) प्यूठान नगरपालिकाले एकीकृत सम्पत्ति कर व्यवस्थापनमा सरोकारवालासँग समन्वय नगर्दा कर असुलीले नागरिक तहमा नकारात्मक प्रभाव परेकोले सोको व्यवस्थापनमा ध्यान दिनुपर्ने ।

१४) जिल्लाका विभिन्न ठाँऊमा रहेका सार्वजनिक जग्गाको अतिक्रमण बढ्दो रहेकाले सोको व्यवस्थापनमा आवश्यक पहल लिनुपर्ने ।

१५) पेट्रोलियम पदार्थमा हुनेगरेको कालोबजारी रोक्नुपर्ने र खाद्यजन्य बस्तुको आपुर्तिमा विद्यमान गुणस्तरहीनताको अन्त्य गर्नुपर्ने र साथै पेट्रोलियम पदार्थको नियमित आपुर्तिको व्यवस्था मिलाउनुपर्ने ।

१६) भालुवाङ प्यूठान सडक साँघुरो भएको हुँदा जोखिम बढेकोछ । सम्बन्धित कार्यालयबाट गरिने काम कार्वाही ढिलासुस्ती हुने गरेको दीर्घकालिन सामाधान खोजिनुपर्ने ।

१७) जिल्लाका बिभिन्न बजार केन्द्रहरूमा राखिएका सौर्य सडक बत्ती जीर्ण अवस्थामा रहेको, लामो समयदेखि सञ्चालनमा नरहेको र सम्बन्धित निकायबाट मर्मतका लागि पहल नभएको स्थिति हटाउनुपर्ने ।

१८) खानेपानी डिभिजन कार्यालयमार्फत सुरूवात गरिएका अधिकांस योजनाहरू अपलपत्र अवस्थामा रहेकाले सोको व्यवस्थापनमा उचित ध्यान दिनुपर्ने ।

१९) मुख्य बजार क्षेत्रबाट जिल्लाका ग्रामीण बजारमा भ्याद गुज्रने अवस्थामा रहेका बस्तुहरूको आपूर्तिलाई पठाउने कार्य रोक्नुपर्ने । ग्रामीण बजारमा पाइने भ्याद गुज्रेका सामाग्रिहरूको प्रभावकारी अनुगमन गरी त्यस्ता वस्तुहरूलाई विक्री वितरणमा रोक लगाउनुपर्ने । उपभोक्ताको हितमा सचेतनामूलक कार्यक्रम संचालन गर्नुपर्ने ।

.................................................
विजय विराम विष्ट
अध्यक्ष